# हरिपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
प्रदेश नं.२, नेपाल

## औषधि तथा औषधिजन्य सामग्रीहरू खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्रको सूचना

ठेक्का नं. १०/०७७/७८

प्रथमपटक प्रकाशित मिति २०७८।०१।२७

आ.ब. ०७७/७८ को वार्षिक कार्यक्रमअनुसार यस नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूका लागि आवश्यक पर्ने औषधि तथा औषधिजन्य सामग्रीहरू सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नका लागि यो दरभाउपत्र आह्वान गरिएको छ ।

१. प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र रू. ३,०००।-(अक्षरेपी तीन हजार रूपैया मात्र) फिर्ता नहुने गरी नगद बुझाएको सक्कल नगदी रसिद वा ल्क्ष्क्ष ब्क्ष्ब बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. ०४५२०५००२५९४९०१० मा बुझाएको भौचर निवेदन साथ संलग्न राखी कार्यालय समयभित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ। दरभाउपत्र खरिद गर्नका लागि निवेदकले आ.व. ०७७/७८ का लागि नवीकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्ने गरी इजाजत प्राप्त कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाण पत्र तथा भ्याट दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ.ब २०७६/७७ को कर चुक्ता गरेको प्रमाणका साथै आवश्यक कागजातका प्रतिलिपिहरू संलग्न राखी बोलपत्र फाराम खरिद गर्न निवेदनसाथ पेश गर्नु पर्नेछ ।

२. प्रथमपटक सूचना प्रकाशित भएको मितिले १५औं दिनको कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी १६औं दिनको १२:०० बजेभित्र खरिद गरेको दरभाउपत्र रीतपूर्वक भरी यस नगरपालिकाको कार्यालय हरिपुर सर्लाहीमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरू १६औं दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउ पत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानतबापतको रकम रु.७५,०००।- (अक्षरेपी रु. पचहत्रर हजार मात्र) हरिपुर नगरपालिकाको नाममा रहेको एन.आई सी एसिया बैंक लिमिटेड हरिवनमा रहेको धरौटी खाता नं. ०४५२०५००२५९४९००८ मा दाखिला गरेको सक्कले बैंक भौचर कम्तीमा दरभाउपत्रको सूचनाको अन्तिम दिनबाट १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी दरभाउ पत्रसाथ पेश गर्नुपर्नेछ । दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत अकको ५१ बराबरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको परफरमेन्स बन्ड पेश गर्नु पर्नेछ र नगद धरौटी राखिएकोमा परफरमेन्स बन्डमा परिवर्तन गर्न पाइने छैन ।

४. दरभाउ पत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइने छ । दरभाउपत्रमा केरमेट भएको ठाउमा सहीछाप गरेको हुनु पर्नेछ ।

५ नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका दरभाउपत्र पूर्ण वा आंशिक स्वीकार गर्ने वा रद्द गर्नेजस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै दरभाउपत्रमा उल्लेख भएका औषधिहरूको परिमाण थपघट हुन सक्नेछ। यसरी थपघट भए तापनि दरभाउ पत्रदाताले कबोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ। स्वीकृत वजेटको स्थितिअनुसार खरिद गरिनेछ।

६. स्वीकृत दरभाउपत्र अनुसारको औषधि तथा सर्जिकल सामानहरू एकमुष्ठ वा आवश्यकताअनुसार फरक फरक अर्डर दिई खरिद गरिने छ । साथै सप्लाई गरिने ध्ज्ञ ल्ए ऋभचतषथ ऋफउबलथ बाट उत्पादन भएको उच्च गुणस्तर भएको हुनु पर्दछ ।

७. रीत नपुगेको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

८. कार्यालयमा आपूर्ति गर्ने औषधिहरूको ढुवानी दरभाउ पत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

९. दरभाउपत्र फाराममा प्रत्येक सामानको आइटमवाइज दररेट अनिवार्यरूपले भर्नु पर्नेछ ।

१०.सप्लाइ गरिने औषधिको कम्तीमा १८ महिना वा ७५ प्रतिशत म्याद बाँकी भएको हुनुपर्ने छ साथै निःशुल्कको छाप लगाएको हुनु पर्ने छ ।

११. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार दरभाउपत्रदाताले कानुनी रूपमा अयोग्य छैन भनी लिखित रूपमा गरेको घोषणापत्र दरभाउ पत्रसाथ पेश गर्नु पर्नेछ ।

१२. उपरोक्त सर्त बाहेक यसमा नपरेका सर्तहरूमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलिन ऐन नियम बमोजिम हुनेछ। दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र बुझ्न सकिनेछ।

१३. खरिद गरिने सामानहरूको लागत अनुमान रु २५,००,०००।-(अक्षेरेपी रु पचीस लाख मात्र) रहेको छ ।

१४. सप्लाई हुने औषधिको प्रत्येक प्याकिङको बाहिर उत्पादन मिति, एक्स्पायरी मिति, ब्याच नम्बर स्पष्ट रूपमा र 'नेपाल सरकारद्वारा निःशुल्क वितरणका लागि' भन्ने वाक्यांश उल्लेख भएको हुनु पर्ने छ । साथै सप्लाई हुने औषधिहरूको बिल साथ ब्याच नम्बर पेश गर्नु पर्नेछ ।

१५. बोतलहरूमा सप्लाई गरिने आइटमहरू सबै प्लास्टिक बोतलमा हुनुपर्नेछ ।

**राजकुमार दास**

**प्रमुख प्रशासकीय अधिकृत**